का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक ८८
❒ २ जेठ २०७७, शुक्रबार
❒ 15 May 2020, Friday
www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

| अपडेट: बिहीबार साँझसम्म | | संक्रमित | निको भएको | परिक्षण गरिएको | आइसोलेसनमा |
| --- | --- | --- | --- | --- | --- |
| | नेपालमा | २४६ जना | ३५ जना | २२६६४ | २७२ |

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
| --- | --- | --- | --- | --- |
| विश्वभर | ४४ लाख ६६ हजार | १६ लाख ७८ हजार | २ लाख ९९ हजार | २४ लाख ८८ हजार |

# घटाइँदै बजेट

## ■ १५ प्रतिशतसम्म बजेट घट्न सक्ने

**सरकारले आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम आज संघीय संसदको संयुक्त अधिवेशनमार्फत् ल्याउँदैछ । राष्ट्रपति विद्यादेवी भण्डारीबाट प्रस्तुत हुने बजेट यसपटक कोरोना महामारीबाट परेको असर न्यूनिकरणमा केन्द्रित हुने अर्थतन्त्री युवराज खतिवडाले प्रष्ट पारेका छन् ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ जेठ ।


आगामी आर्थिक वर्ष २०७७/०७८ का लागि सरकारले आज नीति तथा कार्यक्रम ल्याउँदैछ । दिउँसो चार बजे संघीय संसदको संयुक्त अधिवेशनमा विद्यादेवी भण्डारीले बजेट प्रस्तुत गर्ने कार्यक्रम रहेको छ । यसअगाडि नै प्रि-बजेट छलफल सकिएको छ । सरकारद्वारा प्रस्तुत बजेटको सिद्धान्त र प्राथमिकताबारे वैशाख २६ गतेको संसद बैठकमा विधेयक प्रस्तुत गरेपछि वैशाख २८ र २९ गते संसदमा छलफल भइसकेको छ ।

वैशाख ३० गते सांसदहरुले उठाएका प्रश्नको अर्थमन्त्री युवराज खतिवडाले जवाफ समेत दिएका छन् । कोरोना महामारी रोकथाम गर्न गएको चैत ११ गतेदेखि सरकारले लकडाउन घोषणा गरेकाले यसपटक नीति तथा कार्यक्रम भन्दा पहिलो नै प्रि बजेट छलफल सकिएको छ ।

सांसदहरुको पीसीआर परीक्षण गरी दुरी कायम गरिएको सीट व्यवस्थान बीच सरकारले सञ्चालन गरिरहेको अधिवेशनमा अर्थमन्त्री खतिवडाले बजेटको सिद्धान्त र प्राथमिकता विधेयक प्रस्तुत गरिसकेका छन् । यस पटकको बजेट कोरोना महामारीले पुऱ्याएको असर न्यूनीकरण, रोजगारी सिर्जना र उत्पादनमा जोड दिइने अर्थमन्त्री खतिवडाले प्रष्ट पारेका छन् । अर्थमन्त्रालय स्रोतका अनुसार, यो वर्ष बजेट घटाएर ल्याउने तयारी भएको छ । पहिले नै पठाइएको सिलिङमा १५ प्रतिशत घटाएर बजेट ल्याउने तयारी भएको छ । महामारी समस्या बाहेक अन्य कार्यक्रम भने पहिलेबाट चलिआएको बजेटलाई प्राथमिकता दिइनेछ ।

### ■ समीक्षा बैठक

जेठ २ गते सरकारले नीति तथा कार्यक्रम ल्याउने भएपछि जेठ ३ गते प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले समीक्षा बैठक बोलाएको छ । बजेटको समीक्षा गर्न काँग्रेसले बिहीबार नै शनिबारका लागि समीक्षा बैठक बोलाएको हो । नयाँ बानेश्वरस्थित लोत्से हलमा काँग्रेसको संसदीय दलको बैठक बोलाइएको प्रवक्ता विश्वप्रकाश शर्माले बताए ।



काँग्रेसले कोभिड महामारीबाट अर्थतन्त्रमा परेको असरबारे अध्ययन गर्न कार्यदल समेत बनाएको छ । वैशाख २६ गते अर्थमन्त्री युवराज खतिवडाले आगामी आर्थिक वर्षको बजेटको सिद्धान्त र प्राथमिकता सम्बन्धी विधेयक प्रस्तुत गरेका छन् । उक्त विधेयकमाथि काँग्रेसका सांसदहरुले टिप्पणी गरिसकेका छन् । काँग्रेसले कोरोना बाँकी पृष्ठ २ मा

## बेरोजगारलाई रोजगारी: प्रम

प्रधानमन्त्री केपी शर्मा ओलीले कोरोना भाइरस (कोभिड -१९)को सामना गर्न नेपाली युवा एवं विद्यार्थीलाई आह्वान गरेका छन् । एकतीसौं युवा दिवसका अवसरमा शुभकामना सन्देश दिँदै उहाँले नेपाललाई अविकासबाट विकासतिर, पछौटेपनबाट समृद्धितिर, गरीबीबाट सम्पन्नतातिर र परनिर्भरताबाट आत्मनिर्भरतातिर लैजाने संकल्पमा युवाको रचनात्मक सहभागिता हुने आशा व्यक्त गरे ।

तत्कालीन प्रजातान्त्रिक राष्ट्रिय युवा सङ्घका संस्थापक अध्यक्ष ओलीले युवाले देशभक्ति, समानता, न्याय, सामाजिक सुरक्षा तथा सम्मानित जीवनसहितको आत्मनिर्भरताबाट राष्ट्र निर्माणमा योगदान हुने अपेक्षा पनि गरेका छन् । कोरोना महामारीपछि सिर्जना हुने सम्भावित बेरोजगारको पङ्क्तिलाई रोजगारी उपलब्ध गराउने उपायको खोजीमा सरकार रहेको बताउँदै सन्देशमा प्रधानमन्त्रीले भनेका छन्, "अहिले हामी रोजगारी र शिक्षाको अवसरका लागि विदेशिएका युवालाई स्वदेशमै रोजगारी र व्यवसायको अवसरको सिर्जना गर्न अग्रसर छौँ ।" विसं २०२२ जेठ १ गते अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन र २०४७ साल जेठ १ गते तत्कालीन प्रजायुसङ्घ स्थापना भएको थियो । -रासस



**महाकाली नदी किनारमा गस्ती :** नेपाल-भारत सीमा क्षेत्र दार्चुलाको व्याँस गाउँपालिका-१ छाङ्रू (गागा) स्थित महाकाली नदी किनारमा गस्ती गर्दै सशस्त्र प्रहरीको टोली । बुधबार स्थापना भएको सशस्त्र प्रहरी बल नेपालको सीमा निगरानी चौकी (विओपी) बाट टोली खटिएको हो ।

*तस्वीर : नारायण ढुङ्गाना/रासस*

# पीसीआर परीक्षण बढाउन आदेश

**सर्वोच्च अदालतले कोभिड महामारीबाट नागरिकको जीवन रक्षा गर्न तत्कालै पीसीआर परीक्षणको दायरा बढाउन सरकारका नाममा अन्तरिम आदेश दिएको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ जेठ ।

सर्वोच्च अदालतले कोरोना भाइरसको सङ्क्रमणबाट नागरिकको जीवन रक्षा गर्न तत्कालै पीसीआर परीक्षणको दायरा बढाउन सरकारका नाममा अन्तरिम आदेश जारी गरेको छ । न्यायाधीश डा मनोजकुमार शर्माको एकल इजलासले आज उक्त भाइरसको महामारीबाट बच्न पीसीआर परीक्षणको दायरा बढाउन र त्यसको अभाव हुन नदिन अन्तरिम आदेश जारी गरेको हो ।

आदेशमा भनिएको छ, "हालको परिस्थितिमा तत्काल रोग नियन्त्रण गरी आम नागरिकको जीवन रक्षा गर्नुपर्ने अवस्था रहेकाले तत्काल पीसीआर दायरा बढाउनेतर्फ र सोको अभाव नहुनेतर्फ आवश्यक पहल गर्न अन्तरिम आदेश जारी गरिदिएको छ ।" अधिवक्ता कमलबहादुर खत्रीसहितले दायर गरेको रिट निवेदनमाथि प्रारम्भिक सुनुवाइपछि सर्वोच्च अदालतले उक्त आदेश जारी गरेको हो । साथै, आदेशमा महामारी नियन्त्रणमा सरकारले गरेका कामहरुका बारेमा १५ दिनभित्र लिखित जवाफ दिनसमेत भनिएको छ ।



तुलसी बाल अस्पताल दाङको आइशोलेसन वार्डमा जुम्ल्याहा शिशु जन्माएकी तुलसीपुर-१३ फूलबारी निवासी अनिता यादव ।

*तस्वीर: नारायणी रजौरे*

### अलपत्रलाई स्वदेश ल्याउ

संघीय संसद्को शिक्षा तथा स्वास्थ्य समितिले नेपाल र भारतको सिमानामा अलपत्र परेका नागरिकलाई स्वास्थ्य परीक्षण गरी स्वदेश ल्याउन निर्देशन दिएको छ । कोरोना भाइरस (कोभिड-१९)को समस्या र हुनसक्ने थप सम्भावित खतरा यसको रोकथाम, उपचार र नियन्त्रण गर्न बसेको बैठकमा स्वास्थ्यमन्त्री भानुभक्त ढकाललाई बोलाई १० बुँदे निर्देशन दिँदै सीमामा अलपत्र परेका नागरिकलाई सङ्घ, प्रदेश र स्थानीय सरकारसँग समन्वय गरी छिटोभन्दा छिटो स्वास्थ्य परीक्षण गरी आ-आफ्नो घर पठाउने व्यवस्था मिलाउन भनिएको सभापति जयपुरी घर्तीले जानकारी दिए ।

समितिले विदेशमा रहेका मजदुर, विद्यार्थी र अन्य सबै नेपाली नागरिकलाई नेपाल ल्याउन क्वारेन्टाइन र आइसोलेशनसहित आवश्यक व्यवस्था गर्न तथा विदेशमै बस्न चाहनेलाई सम्बन्धित देशसँग समन्वय गरी उचित व्यवस्थापन एवं तयारी गर्नेसमेत निर्देशन दिएको छ । सभापति घर्तीले मन्त्री ढकाललाई कोभिड-१९को सङ्क्रमणको जोखिम तीव्ररुपमा बढिरहेकाले स्वास्थ्य परिक्षणको दायरा तीव्र बनाउनसमेत निर्देशन दिइएको जानकारी दिए ।

समितिको बाँकी पृष्ठ २ मा

# प्रगतिशील मञ्चद्वारा श्रममन्त्रीसँग माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ जेठ

प्रगतिशिल वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले कोरोना भाइरस (कोभिड-१९) का कारण मुलुकको वैदेशिक रोजगार क्षेत्रमा गम्भीर संकट उत्पन्न भएको भन्दै राहतका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादव समक्ष तीन बुँदे माग प्रश्तुत गरेको छ ।

सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) निकट मानिने मञ्चले बिहीबार श्रममन्त्री यादवसमक्ष पेश गरेको मागपत्रमा वार्षिक एक सय जना कामदार वैदेशिक रोजगारीमा नपठाएमा ईजाजतपत्र नवीरकण नहुने वैदेशिक रोजगार ऐन तथा नियमावलीको प्रावधान खारेज, व्यवसायीहरुले ईजाजतपत्रका लागि राखेको धरौटीबाट ५० लाख रुपैयाँ एक वर्षका लागि फिर्ता र कोरोना संकट समाधानपछि वैदेशिक तथा आन्तरिक रोजगारीका लागि गरिनुपर्ने कामहरु उल्लेख रहेका छन् ।

नेपालले कोरोना महामारी शुरु भएपछि गत फागुन २९ गतेपछि वैदेशिक रोजगारीमा जाने कामदारहरुको श्रम स्वीकृति रोकेको छ । मञ्चले मन्त्री यादवलाई बुझाएको पत्रमा व्यवसायीले आर्थिक वर्ष समाप्त हुनु ४ महिना अघिदेखि व्यवसाय सञ्चालन गर्न नपाएका कारण ईजाजतपत्र नवीकरणका लागि उक्त प्रावधान राखिरहनु न्यायोचित नहुने स्पष्ट गरेको छ ।

वैदेशिक रोजगार ऐन अनुसार म्यानपावर कम्पनीले हरेक वर्षको असार मसान्तमा कम्पनीको ईजाजतपत्र नवीकरण गराउनुपर्ने व्यवस्था छ । उक्त समय आउन अब ६० दिनमात्र बाँकी रहेको छ ।

मुलुकमा कोरोना भाइरसको संक्रमण बढेपछि बसेको गत चैत १६ गतेको मन्त्रिपरिषद्को बैठकले म्यानपावर कम्पनीको ईजाजतपत्र नवीकरणका लागि वार्षिक सय जना कामदार पठाएको हुनुपर्ने अनिवार्य प्रावधान हटाउन वैदेशिक रोजगार ऐन २०६४ संशोधन गर्ने निर्णय गरेको थियो । व्यवासायीहरुले ईजाजतपत्र नवीरकरण गराउने मिति ६० दिन बाँकी रहँदासम्म समेत मन्त्रिपरिषद्ले गरेको निर्णय कार्यान्वयनमा प्रगति भएको छैन ।

उक्त निर्णय कार्यान्वयनमा नआए हाल सय जना कामदार पठाउन नसकी खतराको रातो घेरामा रहेका कम्तीमा ५ सय ५० म्यानपावर कम्पनीको लाइसेन्स नवीकरण हुन सक्ने अवस्था छैन ।

त्यस्तै मञ्चले लामो समयदेखि व्यवसाय बन्द रहेकाले घरभाडा, कर्मचारीको तलव तथा ईजाजतपत्रका लागि बैंकबाट लिएको ऋण ५० लाख रुपैयाँको साँवा तथा व्याज भुक्तानी गर्न समस्या रहेकोले ईजाजतपत्रका लागि राखेको नगद न्यूनतम ५० लाख रुपैयाँ धरौटी एक वर्षका लागि फिर्ता गरिदिन माग गरेको छ ।

यसअघि नेपाल वैदेशिक रोजगार व्यवसायी संघ र नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन तथा संघका पूर्व अध्यक्ष रोहन गुरुङले धरौटी फिर्ताको माग सार्वजनिक रुपमा उठाएका थिए ।

संघ र एसोसिएनले माग पूरा गरिदिन प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसको ध्यानाकर्षण समेत गराएका छन् । बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### यूएईद्वारा जरिवाना छुट दिने निर्णय

**काठमाडौं/मस-** संयुक्त अरब इमिरेट्स (यूएई)ले पनि गैर कानूनी रुपमा बसिरहेका विदेशी नागरिकहरुलाई जरिवानामा छुट दिने निर्णय गरेको छ । यूएईका राष्ट्रपति शेख खलिफा बिन जायेद अल नाहयानले बुधबार सबै किसिमको भिसा उल्लंघन गर्नेलाई जरीवाना छुट दिन निर्देशन दिएको बताइएको छ ।

यूएईका स्थानीय सञ्चारमाध्यमहरुले गत मार्च १ भन्दा अगाडि यूएईमा प्रवेश वा बसोबास अनुमतिको अवधि सकिएका विदेशीले स्वदेश फर्किनुअघि कुनै जरिवाना बुझाउनुनपर्ने उल्लेख गरेका छन् ।

यूएईको फेडेरल अथोरिटी अफ आईडेन्टिफाई एण्ड सिटिजनसिपका प्रवक्ता ब्रिगनडिएर खामिस अल काबीले जरीवाना छुट पाएका विदेशीहरुले मे १८ देखि यूएई छाड्न पनि पाउने बताउँदै यो छुट अवधि तीन महिनासम्म जारी रहने बताएका छन् । बाँकी पृष्ठ २ मा


## COVID-19 NOVEL CORONA VIRUS (nCOV)

### जनहितका लागि जारी जनचेतनामूलक सन्देश

नोबेल कोरोना भाइरस (Covid-19) का मूख्य लक्षणहरु

- ज्वरो (१००.४° F भन्दा माथि)
- श्वासप्रश्वासमा अत्याधिक समस्या
- रुघा र खोकी

नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

### कसरी आफू बच्ने र अरुलाई बचाउने ?

- नियमित रूपमा साबुन पानीले हात धुने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने ।
- फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
- फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
- जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
- पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।

मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक

कार्यालय
बागबजार, काठमाडौं
फोन नं. ०१-४२२६३६६

# ‘सार्वजनिक खरिदको विषयमा नीतिगत निर्णय हुनुहुँदैन’

**काठमाडौं/मस-** अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त नवीनकुमार घिमिरेले सार्वजनिक खरिद सम्बन्धी कुनैपनि निर्णय नीतिगत निर्णय हुन नहुने बताएका छन् । संघीय संसद राष्ट्रिय सभा अन्तर्गतको विधायन व्यवस्थापन समितिको बिहीबारको बैठकमा प्रमुख आयुक्त घिमिरेले नीतिगत निर्णय पनि आयोगको कार्यक्षेत्र भित्र पर्नुपर्ने बताएका हुन् ।



आयोगको कार्यक्षेत्र भित्र नीतिगत निर्णय नपर्ने हो भने नीतिगत निर्णयलाई वस्तुगत रुपमा परिभाषित गर्नुपर्ने घिमिरेले बताए । उनले सार्वजनिक खरिद सम्बन्धी निर्णयहरु हुने र त्यसलाई मन्त्रिपरिषद्ले स्वीकृत गरेको अवस्थामा अनुचित कार्य र भ्रष्टाचार जन्य गतिविधि हुने भएकाले कम्तिमा पनि सार्वजनिक खरिदको विषयमा हुने निर्णयलाई नीतिगत निर्णय मान्न नहुने बताए ।

उनले भने, ‘नीतिगत निर्णय आयोगको कार्यक्षेत्र भित्र पर्नुपर्छ । यदि पर्नुहुँदैन भने नीतिगत निर्णयलाई वस्तुगत रुपमा परिभाषित गर्नुपर्छ । कुनैपनि सार्वजनिक खरिदको विषय मन्त्रिपरिषद्को नीतिगत निर्णय हुँदैन तर अहिले मन्त्रिपरिषद्ले स्वीकृत गर्दा संघीय मन्त्रिपरिषद्को नीतिगत निर्णय पनि र प्रदेश सरकारको नीतिगत निर्णय पनि आयोगको कार्य क्षेत्र भित्र पर्दैन भन्ने छ । हामी सबैको सुशासन प्रतिको प्रतिवद्धता, सामूहिक र साझा प्रतिवद्धता हो भने सार्वजनिक खरिदको विषय नीतिगत निर्णय हुनुहुँदैन भन्ने आयोगको दृढ मान्यता र विश्वास छ ।’

उनले नीतिगत निर्णय भित्र प्रवेश गर्ने मान्यता आयोगले नराख्ने भएपनि सार्वजनिक खरिदको विषय नीतिगत निर्णय हुन नहुने विषयमा स्पस्ट हुन आग्रह गरे । उनले भने, ‘नीतिगत निर्णय भित्र आयोग प्रवेश गर्नुपर्छ भन्ने हामी मान्यता राख्दैनौं तर एउटै मात्र स्पस्ट कुरा के हो भने सार्वजनिक खरिदको विषय नीतिगत निर्णय हुनु हुँदैन ।’

कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव धनराज ज्ञवालीले सार्वजनिक खरिदको निर्णय नीतिगत रुपमा स्वीकृत गराउने विषयमा ऐनमा नै प्रस्ट गरेर जानुपर्ने बताए । उनले कुन बेला नीतिगत निर्णय हुने र कुन बेला नहुने भन्ने ऐनबाटै स्पस्ट हुनुपर्ने बताए । कुनैपनि राष्ट्र सेवकले भ्रष्टाचार जन्य कसुर गरेमा जुनसुकै फर्ममा गरेपनि अख्तियारको कार्यक्षेत्र भित्र पर्नुपर्ने उनले बताए ।

सांसद रामनारायण विडारीले स्थानीय तहले समेत नीतिगत निर्णय गर्न सक्ने भएकाले नीतिगत निर्णय आयोगले हेर्न नसक्ने भन्ने विषय राखेर आयोगको कार्यक्षेत्र सिमित पार्न नहुने बताए । उनले अनुचित कार्य गरेको तर भ्रष्टाचार नगरेको विषयलाई अख्तियारले कारबाही गर्न नसक्ने व्यवस्था संविधानमै भएकाले यसलाई कसरी कारबाहीको दायरामा ल्याउन सकिन्छ भन्ने विषयमा गहन छलफल हुनुपर्ने बताए ।

सांसद बेदुराम भुसालले सार्वजनिक खरिद सम्बन्धी नीतिगत निर्णयले नागरिकको हितको लागि काम भएमा के गर्ने भन्ने विषयलाई ऐनमा प्रस्ट पार्नुपर्ने बताए । उनले सार्वजनिक खरिद सम्बन्धी निर्णय नागरिकको हितमा भएपनि नीतिगत निर्णय हुने भन्ने कुरा उचित नहुने बताए ।

सांसद जितेन्द्र नारायण देवले नीतिगत निर्णयको आवरण भित्र स्थानीय तहदेखि संघीय सरकारसम्म ठूलो दायरामा भ्रष्टाचार भइराखेको बताए । उनले अब ऐनमा नीतिगत निर्णय भनेको के हो भन्ने कुरालाई ऐनले प्रस्ट पारेर जानुपर्ने बताए ।

# संक्रमित फेला परेको वडा सिल

**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, १ जेठ




नवलपरासीमा जेठ ५ गतेसम्म सबै बैंक तथा वित्तीय संस्था बन्द गर्न जिल्ला प्रशासन कार्यालयद्वारा निर्देशन जारी गरिएको छ । बिहीबार जिल्ला संकट व्यवस्थापन केन्द्र तथा जिल्ला सुरक्षा समितिको बैठकको निर्णय अनुसार जिल्लामा कोरोना संक्रमण देखा परेको हुँदा संक्रमणलाई समुदायस्तरमा फैलिनबाट नियन्त्रण गर्नको लागी संक्रमित फेला परेको स्थानीय तहको सम्बन्धित वडालाई उच्च निगरानीमा राख्दै सिलबन्दी गरी आवगमन ठप्प पार्ने साथै जिल्लामा सम्भावित जोखिमलाई मध्यनजर गर्दै लकडाउनलाई प्रभावकारी बनाउनको लागि जारी रहेको सम्पुर्ण निर्माण कार्य रोक लगाइएको उल्लेख छ ।

प्रमुख जिल्ला अधिकारी बासुदेब दाहालले बिहीबार अपरान्ह एक सुचना जारी गर्दै जिल्लामा कोरोना संक्रमित फेला परेको र समुदायस्तरमा कोरोना फैलन नदिन यस्तो निर्देशन जारी गरिएको उल्लेख गरेका छन् ।

यसैबीच जिल्लामा संक्रमितको सम्पर्कमा आएका दुई जनालाई बेलाटारीस्थित त्रिभुवन क्याम्पसको क्वारेन्टाइनमा पठाइएको छ । यहाँ दुई जना युवामा कोरोना संक्रमण देखिएपछि संक्रमितको सम्पर्कमा आएका दुई जनालाई उक्त क्वारेन्टाइनमा पठाइएको वडा नं ५ का वडा सदस्य अलि मियाँले बताए । बुधबार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रतापपुर गाउँपालिकाका ३६ वर्षीय युवकमा कोरोना पोजेटिभ देखिएको जनाएको थियो । त्यसैगरी बिहीबार पनि थप एक जनामा कोरोना संक्रमण पुष्टि भएको थियो ।

संक्रमित देखिएका युवा करिब ६ महिना पहिला रोजगारीको सिलसिलामा भारतको दिल्ली गएको र भारतमा लकडाउन खुकुलो भएपछि करिब ४ दिन पहिला जिल्लाको बसहिया नाकाबाट बिहान करिब ५ बजेको समयमा सिमामा तैनात सुरक्षाकर्मीहरुबाट लुकीछिपी नेपाल प्रवेश गरेपछि एक व्यक्तिको सहयोगमा गाउँ नजिकैबाट क्वारेन्टाइनमा पठाइएको थियो । जिल्लामा पहिलो कोरोना संक्रमित देखिएपछि सुरक्षा व्यवस्था कडा पारिएको छ ।

# भीमदत्तमा एक सामुदायिक वन एक पोखरी अभियान शुरु



**गोमती पाल/मध्यान्ह**
महेन्द्रनगर, १ जेठ

भीमदत्त नगरपालिका ७ हल्दुखालको सिद्ध सामुदायिक वनमा पोखरी निर्माण कार्य शुरु गरिएको छ । भीमदत्त नगरपालिकाको एक सामुदायिक वन एक पोखरी अभियान अन्तर्गत पोखरी निर्माण शुरु गरिएको हो । भीमदत्त नगरपालिकाका नगर प्रमुख सुरेन्द्र बिष्टले बिहीबार पोखरी शिलान्यास गरे ।

उनले वन्यजन्तुहरुलाई पानीको समस्या हुन नदिन नगर क्षेत्रका सबै सामुदायिक वनमा पोखरी निर्माण अभियान सुरु गरिएको बताए । ‘वन क्षेत्रमा पानीको सतह सुकेको छ, वन्यजन्तुहरु मारमा छन्, त्यसका लागि पोखरी निर्माण अभियान शुरु गरिएको छ,’ उनले भने, ‘यो अभियान अन्तर्गत सबै वनमा पोखरी निर्माण हुन्छ ।’ सिद्ध सामुदायिक वनमा अभियान अन्तर्गत पोखरी निर्माण शुरु गरिएको उनले बताए ।

सामुदायिक वनका अध्यक्ष रङ्गी बोहराले पोखरी निर्माणले वन्यजन्तुहरुलाई पानीको सुबिधा हुने बताए । उनले भने, ‘वनको उत्तरी क्षेत्र तालडाडामा एउटा पोखरी छ, अब यो पनि बन्छ, यसबाट जनावरलाई पानी खान सजिलो हुन्छ ।’

पोखरी निर्माणका लागि ९ लाख खर्च हुने बुझिएको छ । सिद्ध सामुदायिक वनमा ५ सय बढी घरधुरी छन् । यसअघि मटेनाको बैजनाथ सामुदायिक वनमा पोखरी निर्माण गरिएको छ । भीमदत्त नगरपालिकाको पाँचौं नगर सभाबाट चालू आर्थिक वर्षका लागि एक सामुदायिक वन एक पोखरी निर्माण कार्यक्रम पारित भएको थियो । भीमदत्त नगरपालिकाको उत्तरी क्षेत्रमा ८ सामुदायिक वन छन् ।

# नवलपरासी प्रहरीद्वारा अवैध मदिरा नष्ट

**गौरीशंकर जयसवाल/मध्यान्ह**
परासी, १ जेठ

प्रहरीले पश्चिम नवलपरासीको बिभिन्न स्थानबाट अवैध मदिरा नियन्त्रण गरी नष्ट गरेको छ । नेपालबाट भारततर्फ लैजाँदै गरेको अवस्थामा बिभिन्न स्थानबाट अवैध मदिरा र घरेलु मदिरासहित प्रहरीले नियन्त्रणमा लिइ सञ्चारकार्मीहरुको रोहबरमा नष्ट गरेको हो ।

यतिखेर लकडाउनको मौका छोपी मदिरा तस्करहरु नेपालबाट भारततर्फ तस्करी गर्न सक्रिय रहेको बताइएको छ । प्रहरीले जिल्लाको सिमावार्ती क्षेत्रबाट सोफी ८० कार्टुन, सुपर ग्रेन्नी ८ कार्टुन, स्टार ३० कार्टुन र घरेलु मदिरा चार सय ४० लिटर नियन्त्रणमा लिएर प्रहरी कार्यालयमा खाल्टो बनाइ नष्ट गरिएको जिल्ला प्रहरी कार्यालय नवलपरासीका सुचना अधिकारी एवं डिएसपी विरेन्द्र कुमार थापाले जानकारी दिए ।

लकडाउन नभएको अवस्थामा भारतबाट व्यक्तिहरु सीमा क्षेत्रमा आएर खाने गरेकोमा कोरोना संक्रमणलाई रोकथाम गर्न नेपाल सरकार र भारत सरकारद्वारा सीमानाका बन्द गरेकाले भारतबाट आउने व्यक्तिहरुबाट मदिराको माग हुन गई मदिरा तस्करी बढेको डिएसपी थापाले बताए ।

मदिरा खाएपछि कोरोना संक्रमाण नहुने भन्ने भ्रमले पनि सीमानाकामा मदिरा तस्कारी बढेको हुन सक्ने डिएसपी थापा बताउँछन् । लकडाउन उल्लंघन गरी मदिरा तस्करी गर्ने तीन जनालाई पक्राउ गरी थप अनुसन्धान भइरहेको डिएसपी थापाले जानकारी दिए । लकडाउनको समयमा भारतमा मदिरा नपाउँदा नेपालबाट भारततर्फ नेपाली मदिरा र घरेलु मदिराको माग बढेको प्रहरीले जनाएको छ ।

# अत्यावश्यक कामबाहेक घरबाट बाहिर ननिस्कन आग्रह

**राजन बस्नेत/मध्यान्ह**
दोलखा, १ जेठ

अत्यावश्यकबाहेक सबै किसिमका सवारी साधन दोलखा प्रवेशमा रोक लगाइएसँगै अत्यावश्यक कामबाहेक घरबाट बाहिर ननिस्कन दोलखाका प्रमुख जिल्ला अधिकारी भीमकान्त शर्माले आम नागरिकलाई आग्रह गरेको छन् ।



दोलखा प्रवेश गर्ने खरिढुंगा र किर्नेटार नाकामा सुरक्षाको भरपर्दो व्यवस्था मिलाई चेकजाँचमा कडाइ गरी अत्यावश्यक सेवाबाहेक अन्य सबै सवारी साधन दोलखा प्रवेशमा रोक लगाइएको हो ।

जिल्ला प्रशासन कार्यालय दोलखाले एक सूचना जारी गर्दै औषधि पसल बाहेकका अत्यावश्यक सेवाका पसल समेत बिहान १० बजेपछि बन्द गर्न अनुरोध गरेको छ । त्यसैगरी सदरमुकाम चरिकोटसहित जिल्लाका मुख्य बजार क्षेत्रका होटल, चिया पसल सहित अन्य सबै पसल पूर्ण रुपमा बन्द गर्न प्रमुख जिल्ला अधिकारी शर्माले अनुरोध गरे ।

बैंकिङ क्षेत्रले सिमित मात्रामा सेवा प्रवाह गरी भिडभाड नगर्ने व्यवस्था मिलाउन, सहकारी संघ संस्था, वित्तीय क्षेत्रले आफ्नो सेवा हाललाई सिमित गर्न भनिएको छ । जिल्ला प्रशासन कार्यालय दोलखाबाट जारी भएका ई-पास लगाएत अन्य सबै किसीमका पास अर्को व्यवस्था नभए सम्मका लागि बन्द गरिएको समेत जनाएको छ ।

७७ वटै जिल्ला प्रशासन कार्यालयहरुबाट जारी भएका सबै पास शनिबारबाट लागू हुनेगरी गृह मन्त्रालयले खारेज गरिसकेको समेत मन्त्रालयका सह-प्रवक्ता उमाकान्त अधिकारीले बताए ।

दोलखाका प्रजिअ शर्माले अबदेखि लिइने पासहरु गृह मन्त्रालयको अनुमतिमा मात्रै जारी गरिने बताए । सञ्चारकर्मीको हकमा सूचना विभागबाट जारी गरिएको पासबाट आवगमन दिइने उनले बताए । बिहीबारबाट दोलखामा चेक जाँचलगायत अन्य कार्यमा कडाइ गरिएको जिल्ला प्रशासन कार्यलय दोलखाले जनाएको छ ।

## घटाइँदै...

महामारीबाट परेको असरमा केन्द्रीत रहेर बजेट ल्याउन सरकारलाई सुझाव समेत दिएको छ ।

काँग्रेसका कतिपय सांसदहरुले भने सरकारले ल्याउन लागेको बजेटको सिद्धान्त र प्राथमिकताबारे असन्तुष्टि जनाएका छन् । सरकारले महामारीको असर न्यूनिकरण गर्नेतर्फ भन्दा पनि पुरानै कार्यक्रमलाई निरन्तरता दिएको आरोप लगाएको छ । पानी जहाज, रेल जस्ता कार्यक्रमलाई अहिले बजेट आवश्यक नरहेको र सार्वजनिक खर्च खटौतीमा जोड दिनुपर्ने सुझाव दिएको छ ।

काँग्रेससँग संघीय संसदको प्रतिनिधिसभामा ६३ सांसद छन् । सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) सँग बजेट पारित गर्न पुग्ने भन्दा धेरै सांसद रहेकाले प्रतिपक्षीको असुन्तष्टि उति अर्थपूर्ण देखिदैन । तर, विपक्षीले राख्ने अडान र टिप्पणीले सरकारको कार्यक्रमलाई भने अर्थ राख्छ ।

## पीसीआर...

बैठकले मन्त्री ढकाललाई बोलाइ कोभिड-१९ को परीक्षणको दायरा बढाउन निर्देशन दिएको सभापति जयपुरी घर्तीले जानकारी दिए । उनका अनुसार मन्त्रीलाई अति आवश्यक स्वास्थ्य सामग्रीको अभाव हुन नदिन र प्रदेश सरकार, स्थानीय तहलाई स्वास्थ्य सामग्री यथाशीघ्र उपलव्ध गराउने व्यवस्था गर्नसमेत निर्देशन दिएको छ ।

बढाइयो किट

कोभिड-१९ को परीक्षण दायरा बढाउने उद्देश्यले सरकारले विभिन्न प्रदेशमा हवाई तथा स्थलमार्गबाट १४ हजार ७०० थान र्‍यापिड डाइग्नोष्टिक टेष्ट (आरडीटी) किट पठाएको छ । प्रदेश नं १, प्रदेश नं २, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा हवाई तथा स्थलमार्गबाट आरडिटीसहित सात हजार थान भीटीएम र पीपीईलगायत स्वास्थ्य सामग्री पठाइको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलको नियमित पत्रकार सम्मेलनमा प्रवक्ता डा विकास देवकोटाले बताए । प्रदेश नं १, प्रदेश नं २, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेश गरी विभिन्न २८ जिल्लामा परीक्षणको दायरा बढाउने सरकारको योजना रहेको उनले बताए ।

थपिएको थपियै

बिहीबार थप तीन व्यक्तिमा कोरोना पुष्टि भएको छ । काठमाडौंका ३२ वर्षीय पुरुष, कपिलवस्तुकी छ वर्षीया बालिका र नवलपरासीका ४९ वर्षीय पुरुषमा कोरोना पुष्टि भएको हो । योसहित कोरोना सङ्क्रमित व्यक्तिको सङ्ख्या २४६ पुगेको छ । ३५ जना निको भएर घर फर्किएका छन् ।

सरकारले हालसम्म २२ हजार ६६४ व्यक्तिमा रियल टाइम पोलिमरेज चेञ्ज रियाक्सन (पीसीआर) विधिबाट कोभिड-१९ को परीक्षण गरेको छ । आरडीटी विधिबाट ६२ हजार ३२७ मा नमूना परीक्षण गरेको छ । हालसम्म क्वारेन्टाइनमा बस्नेको सङ्ख्या १५ हजार ६०० रहेको छ । अहिलेसम्म आइसोलेशनमा २७२ जना रहेका छन् । तीमध्ये काठमाडौं उपत्यकामा छ जना छन् भने उपत्यका बाहिर २६६ रहेका छन् ।

## प्रगतिशील...

मञ्चले ईराक घटनापछि २०६१ सालमा तत्कालीन सरकारले व्यवसायीहरुलाई कार्यालय सञ्चालन गर्न उनीहरुले राखेको धरौटी विना कुनै व्याज एक वर्षका लागि फिर्ता गरेको स्मरण गराउँदै अहिले जटिल अवस्थामा व्यवसायीहरुको मनोवल उच्च बनाउन पनि एक वर्षका लागि धरौटी फिर्ता गरिनुपर्नेमा जोड दिएको छ ।

मञ्चका संयोजक राम प्रसाद भान्तनाले हस्ताक्षर गरी बुझाइएको मागपत्रमा कारोना भाइरस संक्रमणले रोजगारी गुमाई स्वदेश फर्किने नेपाली युवाहरुलाई स्वदेशमै रोजगारको प्रवन्ध र संक्रमणको अन्त्यपछि वैदेशिक रोजगारीमा देखा पर्नसक्ने समस्याबारेमा पनि उचित निर्णय गर्न माग गरिएको छ । मञ्चले विगतमा आकर्षक तलव तथा सुविधाको प्रलोभन देखाएर नेपाल सरकारले प्रतिवन्ध लगाएका मुलुकमा नेपाली युवाहरुलाई विभिन्न अवैध बाटोबाट लगिने गरिएको र कोरोना संक्रमणको अन्त्यपछि पनि उक्त प्रवृत्ति देखिनसक्ने भन्दै ठोस् निर्णय गर्न आग्रह गरिएको छ ।

## यूएईद्वारा...

अगस्ट १७ सम्म देश नछाडे जरिवाना तिराउने यूएईको तयारी छ ।

उता कतारले आवासबाट बाहिर निस्किँदा मास्क नलगाए कडा कारबाही गर्ने निर्णय गरेको छ । नेपाली दूतावासले मास्क प्रयोग नगरेमा कानून अनुसार तीन वर्ष जेल सजाय र दुई लाख कतारी रियालसम्मको जरिवाना वा दुईमध्ये एक सजाय हुने जनाएको छ ।

बुधबार बसेको त्यहाँको मन्त्रिपरिषद् बैठकले आउँदो आइतबारदेखि लागू हुने गरी गाडीमा चालक एक्लै यात्रा गर्दा बाहेक घर बाहिर निस्किँदा मास्क अनिवार्य रुपमा लगाउनुपर्ने निर्णय गरेको हो । नेपाली दूतावासले कतार सरकारको यो नियम पालना गर्न त्यहाँ रहेका नेपालीलाई अनुरोध गरेको छ ।

# भारतबाट अवैध रुपमा सय मजदूर फिर्ता

**बैतडी/रासस-** लकडाउनको समयमा अवैध रुपमा हालसम्म १०० भन्दा बढी नेपाली नागरिक महाकाली नदी तरेर नेपाल भित्रिएका छन् । बैतडी र दार्चुलामा गरी उक्त सङ्ख्यामा स्वदेश भित्रिएका हुन् । महाकाली नदीमा ट्युवमार्फत बैतडीमा ४० जना भित्रिएका सहायक प्रमुख जिल्ला अधिकारी लोकेन्द्रसिंह नेगीले बताए । सीमा सील रहेका बेला अवैध रुपमा सुरक्षाकर्मीको आँखा छलेर उनीहरु नेपाल आएका हुन् । उनीहरु सबैलाई अनिवार्य १४ दिन क्वारेन्टाइनमा राख्ने गरिएको उनले बताए ।

दार्चुलामा पनि लकडाउनमा समयमा महाकाली नदी तरेर ७० जना भित्रिएको तथ्याङ्क रहेको छ । उनीहरुमध्ये कोही महाकालीमा पौडिएर, कोही तुहिनमार्फत र कोही ट्युबमार्फत स्वदेश भित्रिएका हुन् । स्वेदश फर्कने सबै नेपाली मजदुर रहेको र उनीहरुलाई अनिवार्य १४ दिन क्वारेन्टाइनमा राख्ने र कोरोना परीक्षणपश्चात मात्रै घर पठाउने गरेको प्रमुख जिल्ला अधिकारी यदुनाथ पौडेलले जानकारी दिए । भारतसँग सीमा जोडिएका बैतडी र दार्चुलाका विभिन्न १५ स्थानमा सशस्त्र प्रहरीको पोष्ट स्थापना गरिएका छन् ।

**अवैध प्रवेश रोक्न निगरानी समूह**

लकडाउन रहेको समयमा अवैध रुपमा सीमा क्षेत्रबाट हुने वारपार रोक्न निगरानी समूह गठन गर्न थालिएको छ । बैतडीस्थित महाकाली नदीमा ट्युबमार्फत तरेर अवैध रुपमा नेपाली फर्कने क्रम नरोकिएपछि यहाँका सिमावर्ती स्थानीय तहहरुले निगरानी समूह गठन गर्न थालेका हुन् ।

**Limchungbung Rural Municipality**
Office of the Rural Municipal Executive
Baraha, Udayapur

**Invitation for Bids**

Third Date of Publication: 2077/02/02

1. The Limchungbung Rural Municipality invites sealed electronic bids for the maintenance work shown in table below under National Competitive Bidding procedures.
2. Bidders interested to bid have to download the bidding documents from PPMO's e-GP system www.bolpatra.gov.np/egpand submit electronically. The bidders submitting their bid electronically should deposit the cost of biding document NRs. 3,000/- (non-refundable) fee in SanchitKosh Account No.43295241207001of Nepal SBI Bank,Limchungbung Branch - Udayapur and submit bank deposit voucher along with the electronic bid files.
3. Bids must be submitted electronically only through www.bolpatra.gov.np, on or before 12:00 noon on 2077/02/08.Documents received after this deadline shall not be accepted.
4. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14.00 PM on 2077/02/09at the office of Limchungbung Rural Municipality. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by bid security, amounting to a minimum of shown in table below(inclusive of VAT), which shall be valid for 30 days beyond the bid validity period.
5. If bidder wishes to submit the Bid securityfee in the form of cash, bidder has to deposit cash in DharautiKhata Account No. 43225240600003of Nepal SBI Bank, LimchungbungBranch - Udayapur and submit bank deposit voucher along with the electronic bid files.
6. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
8. Owing to the technical problems associated with electronic bidding in previous bid published on 2076/11/04, the bidder who have already deposited the bid document fee, the voucher will be considered valid for this Bid as well. However, they must renew and resubmit Bid security amount as given below.
9. For more details contact Limchungbung Rural Municipality Office of Municipal Executive Office Mr. Binaya Shrestha (IT Officer) 9842917620/9817343609 or Mr. Sharad Chaudhary (Engineer) 9842837622.
10. Matters not covered by this notice shall be in accordance to Public Procurement Act,2063 and Public Procurement Regulation, 2004 and their amendments.
11. The name and identification of the contract are as follows:

| Contract Identification No. | Brief Description of Works | Estimated Amount with VAT (Nrs) | Bid security Amount (Nrs) | Time for Completion |
|---|---|---|---|---|
| LRM/Udayapur/Works/NCB/01/076/077RE2 | Maintenance of Chandithumka -Butku- Bhate Kunai Sadak. | 49,50,000.00 | 1,20,000.00 | 20th Ashard 2077 |

**-Chief Administrative Officer**

# कमलले जिते अनलाइन तेक्वान्दोमा स्वर्ण पदक

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ जेठ

कोरोना भाइरसको महामारीका कारण खेलकुद गतिविधीहरु सञ्चालन हुन पाएका छैनन् । केही खेलका अभ्यासहरु शुरु भए पनि त्यो पर्याप्त मात्रामा छैन । कोरोनाको प्रभावका कारण नेपाली खेलाडीहरु पनि अहिले लकडाउनमै बस्न व्यस्त छन् भने केही खेलाडीहरुले आफ्नै तरिकाले घरमै बसेर अभ्यास पनि गर्दै आएका छन् । महामारीका कारण सबैजना घरभित्रै लकडाउन भएपछि पहिलोपटक अनलाइनमार्फत् तेक्वान्दो प्रतियोगिता फ्रान्समा भई रहेको छ । प्रदर्शनमा आधारित रहेर मूल्यांकन हुने यो प्रतियोगितामा नेपालका सात जना खेलाडीहरु सहभागीता जनाएका छन् ।

नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम भौतिक दूरी कायम गरेर मात्र जोगिन सक्ने रोगको महामारीको समयमा पनि सात जना तेक्वान्दो खेलाडीले फ्रान्समा भई रहेको उक्त प्रतियोगितामा भाग लिएका हुन् ।

एकातिर तेक्वान्दो जस्तो विधा छ भने अर्कोतिर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उडान ठप्प छ । यस्तो बेला उनीहरूले तेक्वान्दो प्रतियोगिता प्रत्यक्ष नभइ अनलाइनमा भएको हो । तेक्वान्दोको पुम्से विधामा ‘फिजिकल कन्ट्याक्ट’ हुँदैन । तेक्वान्दोको ग्यारुगी विधामा भने ‘फिजिकल कन्ट्याक्ट’ हुन्छ । पुम्सेमा आफ्नो प्रतिभा प्रदर्शन गर्ने हो । त्यसकारण यो खेल अनलाइन गराउन सम्भव भयो,’ तेक्वान्दोका प्रशिक्षक दीपक विष्टले भने,



‘लकडाउनमा पनि खेलाडीलाई व्यस्त राख्न विश्व तेक्वान्दो महासंघ, युरोपले यो प्रतियोगिता आयोजना गरेको हो ।’ जर्मनीमा हुने ‘२०२० अनलाइन पुम्से विश्व च्याम्पियनसिप’ नाम दिइएको यस प्रतियोगितामा नेपालबाट दुई महिला र पाँच पुरूषसहित सात खेलाडीले प्रतिस्पर्धा गरेका थिए । लक्ष्मणबहादुर ऐर, कमल श्रेष्ठ, सुरेन्द्र बहादुर महरा, जीत बहादुर बोटे, सिता तामाङ, प्रेम बहादुर लिम्बु र पार्वती गुरुङले उक्त प्रतियोगितामा भाग लिएका हुन् ।

पार्वती र कमल १३ औं दक्षिण एशियाली खेलकुद (साग)का स्वर्ण पदक विजेता हुन् । त्यस्तै जीतबहादुर र प्रेमबहादुर पनि १३ औं सागका पदकधारी खेलाडी हुन ।

प्रतियोगितामा २७ देशका खेलाडीहरुले प्रतिस्पर्धा गरेको टिम प्रशिक्षक एव खेलाडी लक्ष्मणबहादुर ऐरले बताए ।

प्रतियोगिता अन्तर्गत विहीबार पुम्सेमा नेपालका खेलाडी कमल श्रेष्ठ च्याम्पियन बनेका छन् । ३० बर्ष मुनीको विधामा कमलले स्वर्ण जित्दा दोस्रो र तेस्रो स्थान पनि नेपाली खेलाडीले हात पारे ।

उनले सात दशमलव ६७ अंक ल्याउँदै पहिलो भए । सागका स्वर्ण पदक विजेता कमल पहिलो बन्दा जितबहादुर बोटे दोस्रो र प्रेमबहादुर लिम्बु तेस्रो बने । प्रेमले फ्रान्सका मोहम्मद गुड्रीसँग काश्य पदक सेयर गरेका हुन् ।

महिला तर्फका नेपाली खेलाडी पार्वती गुरुङले ३० बर्ष मुनीमा रजत हात पारिन् । अमेरीकी खलाडी भन्दा झिनो अंकले पछि पर्दै उनले रजतमा चित्त बुझाएकी हुन् ।

# फ्रान्समा कोरोना संक्रमित र मृतकको संख्या घट्दो



**पेरिस, एजेन्सी–** फ्रान्समा कोरोना भाइरसको संक्रमितहरूको संख्या घट्दै गएको देखिएको छ । यहाँका अधिकारीहरूले यसलाई नियन्त्रणउन्मुख भएको भनेका छन् । यहाँ पछिल्लो २४ घण्टामा जम्मा ८३ जनाको मात्र निधन भएको छ । यहाँ गएको दुई दिन देखि लगातार रूपमा मृतकको संख्या घटेको हो ।

प्राप्त समाचारअनुसार यकाँ गत मंगलबार ३४८ जनाको ज्यान गएको थियो । तर त्यसपछि बुधकार र बिहीबार पनि यो संख्यामा कमी आएको छ ।

यो अवस्थालाई फ्रान्सका अधिकारीहरूले खुशीको खबर भनेका छन् । उनीहरूले पछिल्लो समयमा फ्रान्समा जारी रहेको कडा लकडाउनका कारण यहाँको अवस्थामा सुधार हुन लागेको बताएका छन् । साथै यस हप्ता यहाँ अस्पतालमा भर्ना हुने नागरिकको संख्यामा पनि नाटकीय रूपमा कमी आएको बताइएको छ ।


फ्रान्समा बुधबारसम्मको तथ्यांकअनुसार यहाँ २७ हजार ७४ जनाको कोरोना संक्रमणबाट ज्यान गएको छ । साथै यहाँ संक्रमित हुने र अस्पताल भर्ना हुनेको संख्यामा पनि यो हप्ता कमी आएको यहाँको स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ ।

स्वास्थ्य मन्त्रालयले यहाँका विरामी भएर अस्पताल आउनेहरूमध्ये मंगलबारको तुलनामा बुधबार संख्या घटेको बताएको छ । मंगलबार यहाँका अस्पतालहरूमा भर्ना हुने २१ हजार ७५ जनामात्र रहेको यहाँको स्वास्थ्य मन्त्रालयको विज्ञप्तिमा जनाइएको छ । उक्त मन्त्रालयले जनाएअनुसार यसको अघिल्लो दिन अर्थात सोमबार मात्र २१ हजार ५९५ जना विरामी अस्पताल भर्ना भएका थिए ।

यसरी अस्पताल भर्ना हुने संक्रमितको संख्या यो हप्ता घट्दै गएको बताइएको छ । यो समाचार तयार पार्दासम्म फ्रान्समा कोरोना संक्रमणबाट १ लाख ७८ हजार संक्रमित भएका छन् । साथै यहाँ यो संक्रमणबाट कुल मृतकको संख्या २७ हजार ७४ जना पुगेको छ । फ्रान्समा मृतक संख्या पनि क्रमिक रूपमा घट्दो छ ।

उपचार पछि निको भएर फर्किएकाको संख्या ५८ हजार ६७३ रहेको छ । साथै यहाँको अस्पतालमा अहिलेसम्म ९२ हजार ३१३ जना रहेका छन् ।

# लुईस ह्यामिल्टन विश्वकै धनी खेलाडी




**काठमाडौं, एजेन्सी-**फर्मुला वन विश्व च्याम्पियन लुईस ह्यामिल्टन बेलायतका सर्वाधिक धनी खेलाडी बनेका छन् । ६ पटकका फर्मुला वन विश्व च्याम्पियन लुईस ‘द सन्डे टाइम्स’ पत्रिकालले निकालेको धनी खेलाडीको सूचीमा शीर्ष स्थानमा रहन सफल भएका हुन् ।

फर्मुला वनका सफल चालक ह्यामिल्टनको कुल सम्पत्ति दुई सय २४ मिलियन पाउण्ड रहेको बताइएको छ । सन् २०१८ मा मर्सिडीजसँग नयाँ सम्झौता गरेका उनले एक बर्षको ४० मिलियन पाउण्ड पाउछन् ।

उनले पछिल्लो एक बर्षमा ३७ मिलियन पाउण्ड सम्पत्ति थपेको बताइएको छ ।

यस्तै गल्फ खेलाडी रोरे म्याक्लोय दोस्रो स्थानमा रहेका छन् । गल्फको विश्व बरियताको शीर्ष स्थानमा रहेका उनि दोस्रो स्थानमा छन् । उनको सम्पत्ति एक सय ७० मिलियन पाउण्ड रहेको छ ।

यस्तै ३० बर्षमुनीको उमेरमा सर्वाधिक धनीको सूचीमा वेल्स तथा रियाल मड्रिडका खेलाडी रहेका छन् ।

जसमा शीर्ष स्थानमा ग्यारेथ बेल रहेका छन् । शीर्ष १० धनी खेलाडीको सूचीमा फुटबल भन्दा बाहिरका एक खेलाडीमात्र रहेका छन् ।

३० बर्ष मुनीको उमेर समुहमा धनी खेलाडीको शीर्ष स्थानमा रहेका बेलको सम्पत्ति एक सय १४ मिलियन पाउण्ड रहेको छ । रियालका यी खेलाडीले साताको तीन लाख ५० हजार पाउण्ड तलव पाउछन् ।

दोस्रो स्थानमा बक्सिङका युवा खेलाडी एन्थोनी जोस्वा रहेका छन । युवा पिडीमा बक्सिङका धुरन्धर खेलाडी एन्थोनीको कुल सम्पत्ति एक सय सात मिलियन पाउण्ड रहेको छ ।

तेस्रो स्थानमा फ्रान्स तथा म्यानचेस्टर युनाइटेडका मिडफिल्डर पउल पोग्वा रहेका छन् । उनको सम्पत्ति ५० मिलियन पाउण्ड रहेको छ । उनी युनाइटेडका महंगा खेलाडीसमेत हुन् । यो सिजनमा उनी युनाइटडबाट बाहिरीने तयारीमा रहेको बताइएको छ । चौथो स्थानमा बेल्जियम तथा म्यानचेस्टर सिटीका मिडफिल्डर केभिन डी ब्रुइन छन् । उनको ब्यालेन्स ३४ मिलियन पाउण्ड रहेको छ । यो सूचीको पाँचौ स्थानमा स्पेनीस गोलकिपर डेविड डी हेया रहेका छन् । उनको सम्पत्तीपनि ३४ मिलियन पाउण्ड रहेको छ । तर कमाईका हिसावले पोग्वा एक स्थानमाथि रहेका छन् ।

छैटौं स्थानमा इंग्ल्याण्ड तथा म्यानचेस्टर सिटीका रहिम स्ट्रलिङ रहेका छन । उनको कुल सम्पत्ति ३८ मिलियन पाउण्ड रहेको छ ।

सातौं स्थानमा फ्रान्सका खेलाडी नोगोला कान्टे छन् । विश्वकप विजेता खेलाडी तथा चेल्सीका युवा फुटबलर कान्टेको सम्पत्ति २५ मिलियन पाउण्ड रहेको छ ।

आठौं स्थानमा इंग्ल्याण्डका हेरी केन रहेका छन् । टोटनह्यामका स्ट्राइकर केन यतिबेला बजारमा महंगो खेलाडीको सूचीमा रहेका छन् । उनको सम्पत्ति २४ मिलियन पाउण्ड रहेको बताइएको छ ।

नबौं स्थानमा डेनियल स्टुरेज छन् । उनको कुल सम्पत्ति २२ मिलियन पाउण्ड रहेको छ । यो सूचीको १० औं स्थानमा जोर्डन हेन्डरसन रहेका छन् । उनको कुल सम्पत्ति २१ मिलियन पाउण्ड रहेको छ ।

# युभेन्टसका एड्रियन अनशनमा




**काठमाडौं, एजेन्सी–** युभेन्टसका मिडफिल्डर एड्रियन राबियोट क्लवले सात मिलियन पाउण्ड तलव काटेको भन्दै अनसन सुरु गरेका छन् । सिरी ए का लागि इटली फर्कने तयारी गरिरहँदा क्लवले सात मिलियन पाउण्ड तलवबाट काटेको भन्दै उनले इटली फर्कन अस्विकार पनि गरेका छन् । इटाली फर्कन आफुलाई दुई साताको आइसोलेसनमा राखेका राबियोटले ठूलो मात्रामा तलव काटेको थाहा पाएपछि अनसन सुरु गरेका हुन् ।

फ्रान्सेली खेलाडी राबियोटले इटली फर्किएपछि पनि आफ्नो आन्दोलन जारी रहने बताएका छन् । गत सातामात्र युभेन्टसमा अनुबन्ध भएका राबियोटले २८ मिलियन तलवमा सात मिलियन कटौती गर्दा ठूलो मर्का परेको बताएका छन् ।

मार्चमा युभेन्टसका खेलाडीले चार महिनाको तलव कटौती गर्न सहमति गरेका थिए । जसका कारण युभेन्टसलाई ८० मिलियन बचत भएको थियो । राबियोटले यो सिजन मात्र ११ खेलमा खेलेका छन् । उनको एजेन्टसमेत रहेकी आफ्नी आमाले ट्रान्सफर विन्डो खुलेपछि क्लवबाट बाहिर जानसक्ने बताएकी छिन् ।

यसैबीच, टोटनह्यामका मिडफिल्डर डेली अलीको घरमा चोरी भएको छ । बुधबार विहानै लुटेराको एक समुहले अलीमाथि पनि आक्रमण गरेका छन् ।

उत्तरी लण्डनमा रहेको उनको घरको पछाडीबाट दुई जना लुटेरा कालो मास्क लगाएर पसेका थिए । जसमा उनीहरुले घरको पछाडीको ढोका फोडेका थिए । त्यो बेला अलीसँगै उनको परिवार र बाल्यकालाका साथी हेरी हिकफोर्ड घरमा बसिरहेका थिए ।

ती लुटेराले अलीको अनुहारमा हिर्काएका थिए भने महंगो गहना, घडी लगायतका सामानहरु लिएर गएका थिए । उनीहरुले अलीको परिवारका सदस्यलाई चक्कु देखाएर तर्साएका थिए ।

अलीको अनुहारमा सामान्य चोट लागेको बताइएको छ । उनले आफ्नो ट्विटरमा घटनाका बारेमा जानकारी दिएका छन् ।

# विषालु मदिरा सेवनबाट ७० जनाको मृत्यु



**मेक्सिको, एजेन्सी–**मध्य अमेरिकी राष्ट्र मेक्सिकोको पुब्ला राज्यमा आयोजित एक दाहसंस्कार कार्यक्रममा मिसावटयुक्त विषालु मदिरा सेवन गरेकामध्ये कम्तीमा ७० जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन् ।

राजधानी मेक्सिको सिटीबाट करिब २०० किलोमिटर उत्तरपूर्वको गाउँमा भएको यस घटनामा हरू ११ जना जीवनमरणको दोशाँधमा रहेका छन् । उनीहरूको स्थानीय अस्पतालमा उपचार भइरहेको छ स्थानीय सरकारले जनाएको छ ।

मदिरा सेवन गरेपछि ती मानिसहरू वान्ता गर्ने र टाउको दुख्ने समस्याबाट ग्रसित भएका थिए । स्थानीय अधिकारीहरूले कोरोनाभाइरस महामारीका कारण बजारमा बियर र हरू प्रशोधित मदिरा पाइन छाडेको छ । त्यही कारण मानिसहरूले मिसावटयुक्त मदिरा सेवन गरेको बताइएको छ ।

गत महिना पनि अखाद्य मदिरा सेवन गरेका कारण पश्चिमी जालिस्को प्रान्तमा २१ जनाको मृत्यु भएको थियो ।

ट्रक र बस एक आपसमा ठोक्किँदा कम्तीमा आठको मृत्यु

गुना, एजेन्सी- भारतको उत्तर प्रदेश राज्यमा बिहीबार बिहान एक यात्रु बस र ट्रक एकआपसमा ठोक्किँदा कम्तीमा आठ व्यक्तिको मृत्यु भएको छ । मृत्यु भएका ती व्यक्तिहरू आप्रवासी मजदुर भएका जनाइएको छ ।

स्थानीय समयानुसार बिहीबार बिहान ३ बजे भएको यस घटनामा अन्य ५० जना घाइते भएका बताइएको छ । गुनाको क्यान्ट पिसको एक क्षेत्रमा भएको यस घटनामा घाइतेहरूको जिल्ला अस्पतालमा उपचार भइरेहको छ ।

यस घटनामा ज्यान गुमाएकाहरू महाराष्ट्रबाट उत्तर प्रदेशको आफ्नै जन्म स्थानमा जाँदै गरेका जनाइएको छ । यसका घटनाको अनुसन्धान भइरहेको बताइएको छ ।

# ‘२५ मे अगाडि प्रशिक्षण शुरु नगर’




इंग्लिस फुटबल लिगले क्लवहरुलाई मे २५ भन्दा अगाडी प्रशिक्षणमा नफर्कन निर्देशन दिएको छ । बन्द रंगशालामा प्रशिक्षण गर्दा पनि कोरोनाको संक्रमण हुँदैन भन्ने नभएकाले उनीहरुले मे २५ तारिखसम्म प्रशिक्षण नगर्न निर्देशन दिएको हो ।

इएफएलको बोर्ड बैठकमा कोरोनाका कारण हुनसक्ने असरका बारेमा छलफल गरिएको थियो । जन आगामी कहि दिनमा पनि जारी हुने बताएको छ । तर अहिलेका लागि क्लवहरुलाई प्रशिक्षणमा नफर्कन बताएको छ ।

यसअघि इएफएलका प्रमुख रिक पेरीले यो सिजन जुलाई ३१ तारिखसम्म सक्नुपर्ने बाध्यता रहेको भन्दै मे १६ तारिखबाट प्रशिक्षण सुचारु गर्ने बताइएको थियो ।

तर अवस्था सामान्य नभइसकेको र सोचेको भन्दा धेरै सावधानी अपनाउनु पर्ने बताउँदै प्रशिक्षणको मिति सारेको हो । पीए समाचार एजेन्सीले च्याम्पियनसिप क्लवहरु जुनको दोस्रो साताबाट प्रशिक्षणमा फर्कने तयारीमा रहेको बताइएको छ ।

# अफगानिस्तानमा ५ जनाको हत्या



**पाक्तीया, एजेन्सी–**अफगानिस्तानको पाक्तीया प्रान्तको राजधानी शहर गार्डेजमा एक अपरिचित व्यक्तिको अन्धाधुन्ध गोली प्रहारबाट पाँच जनाको ज्यान गएको छ ।

पाक्तीया प्रहरी मुख्यालयका प्रमुख लुटफुल्लाह कमरानले उक्त गोलीकाण्डबाट मारिनेहरूमा एक जना प्रहरी अधिकृत सहित हरू चार जना सर्वसाधारण रहेको जानकारी दिए । कमरानका अनुसार उक्त गोलीकाण्ड बुधबार अपराह्न भएको थियो । कुनै पनि समूहले उक्त घटनाको जिम्मेवारी लिएका छैनन् ।

# खोप पत्ता लागे पनि कोरोना नियन्त्रण हुन मुस्किल




**काठमाडौं, एजेन्सी–** विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले खोप पत्ता लागेपनि कोरोना भाइरस निर्मूल पार्न नसकिने स्पष्ट पारेको छ । डब्लुएचओका आपतकालीन निर्देशक डाक्टर माइक रायनले कोरोना भाइरस नियन्त्रणका लागि भविष्यवाणी नगर्न आग्रह गरेका हुन । कोरोनाविरुद्धको खोपले पनि यसलाई निर्मुल पार्न नसकिने उनको भनाइ थियो ।

कोरोनाको अहिलेको जस्तो महामारी नियन्त्रण भएपनि पूर्ण रुपमा निर्मूल पार्न नसकिने डब्लूएचओको भनाइ छ । विगतमा फैलिएका एचआइभी एड्स, दादुरा लगायतका रोगहरु नियन्त्रणमा आएपनि अझै कायमै रहेकाले कोरोना भाइरस पनि निर्मूल पार्न नसकिने डब्लुएचओको दावी छ ।

विश्वलाई प्रभावित बनाइरहेको कोरोनाको महामारीबाट बच्न सबैको सामूहिक प्रयास आवश्यक पर्ने भन्दै डब्लुएचओले सकारात्मक पहल गर्न आग्रहसमेत गरेको छ । महामारी नियन्त्रणमा नआइसकेकाले विश्वका कतिपय देशले जारी लकडाउन खुकुलो पार्ने निर्णयप्रति आपत्तिसमेत जनाएको छ ।

उसले भाइरस नियन्त्रणको प्रयार जारी रहेका बेला लकडाउन खुकुलो पार्दा फेरि समस्या आउने डब्लुएचओको चेतावनी छ ।

यसैबीच कोरोनाका कारण विश्वव्यापी रुपमा करिब ३ लाख मानिसको मृत्यु भइसकेको छ । यस्तै करिब ४४ लाख २५ हजार मानिस संक्रमित भएका छन् भने उपचारपछि एक लाख ६५ हजार पाँच सय भन्दा बढी मानिस घर फर्किएका छन् ।

अहिलेसम्म सबैभन्दा बढी मानिसको मृत्यु भएको छ । अमेरिकामा हालसम्म ८५ हजार भन्दा बढीको मृत्यु भएको छ ।


**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७७/०२/०२

यस कम्पनीको मिति २०७६/०५/०५ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **शुभ लक्ष्मी फार्मेसी एण्ड डिष्ट्रिव्युटर्स प्रा.लि. (प्रा.लि.नं. १९९९३०)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७६/०५/१५ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **शुभ लक्ष्मी फार्मेसी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।


नेउवा महासंघको निष्कर्ष

# अर्थतन्त्रलाई जोगाउन पर्याप्त राहत प्याकेज ल्याउन जोड

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ जेठ

नेपाल उद्योग वाणिज्य (नेउवा)महासंघले कोमामा जान आँटेको अर्थतन्त्रलाई जोगाउन पर्याप्त राहत प्याकेज ल्याउनुपर्नेमा जोड दिएको छ । आफ्ना प्रदेश च्याप्टरका पदाधिकारीहरूको सहभागितामा कोभिड १९: स्थानीय उद्योग व्यवसाय र अर्थतन्त्रमा परेको प्रभाव विषयमा भर्चुअल छलफल कार्यक्रमको आयोजना गर्दै महासंघले उक्त कुराको जोड गरेको हो ।

आफ्ना सदस्यहरूसंग भर्चुअल कार्यक्रम मार्फत स्थानीय उद्यमी व्यवसायीहरूको समस्या सुनी संघीय सरकारलाई सुझाव दिने उद्देश्य अनुरूप महासंघले यस्तो छलफलको शुरूवात गरेको हो ।



छलफलमा कोमामा जान लागेको अर्थतन्त्रलाई बचाउन सरकारले आगामी बजेट मार्फत पर्याप्त स्टिमुलस प्याकेज ल्याउन जोड दिंदै उद्योगी व्यवसायीका कुरालाई सुनिएन भने आउंदो दिनमा मुलुक आर्थिक रूपमा निकै ठूलो समस्यामा जाने चिन्ता व्यक्त गरियो ।

विश्वनै कोरोनाको त्रासमा रहेको अहिलेको समयमा विश्वका अधिकांश राष्ट्रले उद्योग व्यवसाय सहित अर्थतन्त्रको संरक्षणका लागि महत्वपूर्ण राहत कार्यक्रम घोषणा गरी सकेको तर सरकारले भने अहिलेसम्म पनि आकर्षक स्टिमुलस प्याकेज ल्याउन नसकेको भन्दै आगामी बजेट मार्फत त्यस्ता कार्यक्रम आउनेमा निजी क्षेत्र आशावादी रहेको बताइयो । त्यसका लागि सरकारमा निरन्तर दवाव दिनुपर्ने सो अवसरमा जोड दिइयो ।

छलफलमा उद्योग व्यवसाय बचाउने कार्यमा बैंक तथा उद्योगी व्यवसायी बीच सहकार्य हुनुपर्ने, विद्युत डिमाण्ड चार्ज छुटदिनुपर्ने, अतिसंवेदनशील क्षेत्रलाई बढी निगरानीमा राखेर सामान्य जिल्लामा आन्तरिक रूपमै भएपनि आर्थिक गतिविधिहरू चालु गर्नुपर्ने, लकडाउनको समयको बैंक व्याज मिन्हा गर्नुपर्ने, महासंघले सरकारमा पेश गरेको सुझाव कार्यान्वयनमा निरन्तर दवाव दिनुपर्ने, कृषि उत्पादन संकलन, सुरक्षित भण्डारण, आवश्यक मल वीउ विजनको पर्याप्त आपूर्ति गर्न दवाव दिनुपर्ने र निजी क्षेत्रलाई पनि मल आयात गर्ने सुविधा दिनुपर्ने, अहिलेसम्म संकलन भएको आयकर अन्य देशले जस्तै नेपाल सरकारले पनि कर तिरेका उद्योगी व्यवसायीलाई फिर्ता दिनुपर्ने सुझाव छलफलमा आएको थियो ।

त्यसैगरि लकडाउनको अवधिमा बैंकहरूले सेवा शुल्क र नविकरण शुल्क लिने कार्यलाई बन्द गर्नुपर्ने, उद्यमी व्यवसायीमाथि सुरक्षा निकायबाट भएका अभद्र व्यवहार रोक्नुपर्ने, मुलुकलाई अप्ठेरो पर्दा सधै सहयोग गर्ने उद्यमी व्यवसायीलाई पनि यो कठिन समयमा सरकारले दिल खोलेर सहयोग गर्नुपर्ने, कृषि उत्पादन बढाउनेतर्फ राज्यको ध्यान जानुपर्ने, पर्यटन क्षेत्रमा ठूलै राहत प्याकेज ल्याउनु पर्ने, कर्णाली प्रदेशका अधिकांश जिल्लामा खाद्यान्न संकट हुने देखिन्छ यसतर्फ यो वर्षा अगाडीनै खाद्यान्न पुऱ्याउनेतर्फ राज्यको ध्यान जानुपर्ने, बैंक व्याजको टुंगो नभएसम्म अवस्था सामान्य भएपनि उद्योग व्यवसाय चलाउन नसकिने लगायतका सुझावहरू सो अवसरमा दिइएको थियो ।

लकडाउनको समयमा कामविहीन भएकाहरूलाई जिल्ला उद्योग वाणिज्य संघहरूको सहयोग र पहलमा निःशुल्क भोजनको प्रवन्ध गरिएको, खाद्यान्न तथा स्वास्थ्य सामग्रीहरू वितरण गरिएको, आइसोलेशनमा काम गर्ने स्वास्थ्यकर्मीहरूलाई निःशुल्क वस्ने खाने प्रवन्ध गरिएको, स्थानीय निकायसंगको सहकार्यमा जोड दिइएको, समस्यामा परेकाहरूको उद्धारमा सहयोग जारी राखिएको,कठिन समयमा पनि जनताको सेवामा निजी क्षेत्र जुटिरहेको कुरा सो अवसरमा सहभागी प्रदेशका अध्यक्षहरूले जानकारी गराएका थिए ।

छलफलमा महासंघका अध्यक्ष भवानी राणा, उपाध्यक्ष किशोर कुमार प्रधान, महासंघको प्रदेश च्याप्टरका अध्यक्षहरूः दिनेश श्रेष्ठ, नरेन्द्रकुमार खड्का, संजीव कोइराला, पदम बहादुर शाही, शंकर बोगटी, शिव शंकर साह, प्रदेश ५ का उपाध्यक्ष दिपक पौडेल सहभागी थिए ।

निर्माण व्यवसायीले भने

# कात्तिक मसान्तसम्म निर्माण कार्य अगाडी बढाउन सकिँदैन

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ जेठ

नेपाल निर्माण व्यवसायी महासंघले विश्वव्यापी महामारीको रुपमा रहेको कोराना भाइरस (कोभिड-१९) का कारण २०७७ कात्तिक मसान्तसम्म निर्माण कार्यहरु अगाडि बढाउन नसकिने जनाएको छ । महासंघ स्थायी समितिको विहिवारको आकस्मिक बैठकपछि महासचिव रोशन दाहालद्धारा जारी विज्ञप्तिमा कोराना महामारीसँगसँगै देखिएका विविध जटिलताका कारण हाल निर्माण कार्य गर्न नसकिने उल्लेख छ ।

महासंघले २०७६ चैत्र देखि २०७७ कार्तिक सम्म निर्माण कार्य हुन नसकेको अवधिलाई दृष्टिगत गरी यसबीचका सम्पूर्ण विकास निर्माणका कामहरुको म्याद स्वतः थप हुने व्यवस्थाका लागि सरकारसँग अनुरोध गरेको छ । व्यवसायीहरुले लकडाउनको असहज परिस्थितिबीच पनि केही निर्माण स्थलमा सिमित जनशक्ति, निर्माण सामग्री र उपकरणहरु पुऱ्याएको महासंघले जनाएको छ । थप जनशक्ति र उपकरणहरु पुऱ्याउने तयारीमा रहेको अवस्थामा असहज आवागमनका कारण आयोजनाहरुको निर्माण कार्यको निरन्तरता हुन नसक्ने महासंघको विज्ञप्तिमा उल्लेख छ ।

जटिल परिस्थितिबीच त्यस्ता आयोजनाहरुलाई निरन्तरता दिएमा पनि आयोजनाको लागत अत्याधिक थप हुन गई साविकको लागतमा कार्य सम्पन्न गर्न नसकिने देखिएको हुँदा थप लागत समावेश गर्न र ती आयोजनाहरुको कार्य हुन नसकेको अवधिको ओभरहेड स्वतः समावेश गरिदिने व्यवस्थाका लागि महासंघले अनुरोध गरेको छ।

विकास निर्माणका कार्यहरुको निरन्तरताको लागि राज्यका संयन्त्रहरु बीच स्पष्ट र प्रभावकारी समन्वय सहित स्पष्ट नीति निर्देशन जरुरी रहेको महासंघको ठहर छ । एकातिर केही सार्वजनिक निकायहरुले लकडाउन कायमै रहेको समयमा निर्माण व्यवसायीहरुलाई कामको निरन्तरताका लागि पत्राचार गर्ने गरेको तर गृह मन्त्रालयले एक जिल्लाबाट अर्को जिल्लामा आवतजावत गर्ने सवारी पासहरु रद्द गरिसकेको विज्ञप्तिमा उल्लेख छ ।

कोरोनाको महामारी फैलिएसँगै श्रमिक, प्राविधिक र अन्य जनशक्ति आ-आफ्नो घर तर्फ गई खेतीपातीको काममा व्यस्त भैसकेका र दशैं तिहार, छठ चाडपर्व अगाडिसम्म श्रमिकहरु काममा फर्कन नसक्ने महासंघले जनाएको छ । निर्माण सामग्री सप्लायर्सहरु बन्द हुने, नेपालमा प्रयोग हुने अधिकांश निर्माण समाग्री (ढुंगागिट्टी, बालुवा, सिमेन्ट बाहेक) का कच्चा पदार्थहरु भारत, चीन लगायतका अन्य देशहरुबाट आयात हुने गरेको हुँदा ती समाग्रीहरु आयात गर्ने उपयुक्त वातावरण नबनेसम्म विकास निर्माणका काम गर्न नसकिने महासंघले जनाएको छ । अहिलेको विषम परिस्थितिमा अति आवश्यक सेवा तथा कोभिड-१९ को नियन्त्रण तथा रोकथामसँग सम्बन्धित पुर्वाधार निर्माणका कार्यहरु बाहेक विकास निर्माणसँग सम्बन्धित् सम्पूर्ण कार्यहरुको निरन्तरता दिन नसकिने हुँदा सोही बमोजिम नेपाल सरकारबाट आवश्यक स्पष्ट नीतिगत निर्णयका लागि महासंघले विज्ञप्तिमा मार्फत अनुरोध गरेको छ ।

# धितोपत्र बोर्डको निर्देशनपछि लकडाउन अवधिभर शेयर कारोवार बन्द गर्ने निर्णय

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ जेठ

लकडाउनका कारण ५० औं दिनमा मङ्गलबार खुलेको शेयर बजार पुनः बन्द गर्न नेपाल धितोपत्र बोर्ड (सेवोन)ले नेपाल स्टक एक्सचेञ्जलाई निर्देशन दिएको छ । बोर्डको निर्णयका आधारमा नेप्सेले मङ्गलबार र बुधबार शेयर कारोवार गरेको थियो । दुई कारोवार दिनमा समेत बजार पूरा समय टिक्नै सकेन । दुई प्रतिशतभन्दा बढीले बजार ओरालो लागे पनि नेप्सेले सर्किट ब्रेक लगाएर बजार बन्द गरेको थियो ।

मङ्गलबार बजार झण्डै डेढ घण्टा टिकेको थियो भने बुधबार कारोवार शुरु भएको ४० मिनेटमा नै सर्किट लागेर बन्द भएको थियो । बोर्डले दुई प्रतिशतका आधारमा बजार उकालो लागे पनि वा ओरालो लागे पनि सर्किट ब्रेक लगाउने व्यवस्था गरेको थियो ।

लकडाउन जारी रहे पनि बजार सञ्चालन गर्ने निर्णयअनुसार खुलेको बजार बिहीबार पुनः बोर्डको निर्देशनअनुसार नै बन्द गरिएको नेप्सेले जनाएको छ ।

कोरोना भाइरसको जोखिम काठमाडौं उपत्यकामा परेको र सरकारले यही जेठ ५ गतेसम्म लकडाउन जारी राखेका कारण त्यसलाई कडाइका साथ लागू गर्नुपर्ने भएकाले बजार बन्द गरिएको नेप्सेले जनाएको छ ।

लकडाउनलाई पूर्णरूपमा पालन गर्न र मानिसको आवतजावत गर्न सवारी पासमा समेत कडाइ गरेको र यस्तो अवस्थामा लगानीकर्ताको धितोपत्रको पहुँचमा असहजता हुने देखिएकाले लगानीकर्ताको स्वास्थ्य सुरक्षालाई ध्यानमा राखेर लकडाउन अवधिभर कारोवार स्थगन गर्न बोर्डले निर्देशन दिएको छ ।




बोर्डको निर्देशनअनुसार बिहीबार बसेको नेपाल स्टक एक्सचेञ्ज सञ्चालक समितिको निर्णयअनुसार कारोवार स्थगन गरिएको हो । नेप्सेका उपप्रबन्धक प्रविन पान्दाकका अनुसार लकडाउन अवधिभर बजार अब बन्द रहनेछ ।

# उद्योग सञ्चालन गरेको भन्दै स्थानीय आन्दोलित

**दमौली / मस**–बन्दाबन्दीका क्रममा सिमराबाट कच्चा पदार्थ ल्याएर सूर्य नेपाल प्रालि सञ्चालन गरेको भन्दै तनहुँको शुक्लागण्डकी नगरपालिका-७ का स्थानीयवासी आन्दोलित भएका छन् । बाहिरी जिल्लाबाट कच्चा पदार्थ ल्याएर उद्योग सञ्चालन गर्दा कोभिड-१९ को जोखिम बढेको भन्दै स्थानीयवासीले बुधबारदेखि रिले अनशन शुरु गरेका छन् ।

रातिको समयमा सवारी साधनबाट कच्चा पदार्थ ल्याउने क्रम नरोकिएपछि सुरक्षाका लागि उद्योग बन्द गर्नुपर्ने मागसहित रिले अनशन शुरु गरिएको स्थानीयवासी किसान गुरुङले जानकारी दिए । "कोरोना सङ्क्रमण पुष्टि भएको जिल्लाबाट कच्चा पदार्थ ल्याएर उद्योग सञ्चालन गरेको विरोधमा स्थानीयवासी आन्दोलित भएका हुन्", उनले भने, "काम नरोकिएसम्म हाम्रो आन्दोलन जारी रहन्छ ।"


उनका अनुसार बिहान ६ बजेदेखि शुरु रिले अनसन साँझ ६ बजेसम्म जारी रहनेछ । "सामाजिक दूरी कायम गर्दै शुरु गरिएको रिले अनसनमा यहाँका सबै स्थानीयवासीले ऐक्यबद्धता जनाएका छन्," उनले भने ।

उद्योगले सिमरामा प्रशोधन गरिएको पाँच कन्टेनर सूर्ती र दुई कन्टेनर प्याकिङका सामग्री ल्याएको छ । जोखिमको अवस्थामा रातारात सामग्री ल्याएर थप जोखिम निम्त्याउने काम भएको स्थानीयवासी दिलबहादुर गुरुङले बताए । बन्दाबन्दी अवधिभर उद्योगको काम पनि बन्द हुनुपर्ने स्थानीयवासीको माग छ ।

उद्योगमा मौज्दात रहेका सुर्ती कुहिने अवस्थामा आएकाले काम सञ्चालन गरेको प्रबन्धक बाबुराम कार्कीले जानकारी दिए । उनका अनुसार उद्योग सञ्चालनमा ल्याए पनि कर्मचारीलाई आवश्यक सुरक्षाको प्रबन्ध मिलाइएको छ । "भित्रका कर्मचारीलाई बाहिर जान दिएका छैनौं, सुरक्षितरूपमा काम सञ्चालन गरिएको हो", उनले भने ।

उद्योगको अनुगमन गर्न मङ्गलबार पुग्नुभएका नगरपालिकाका प्रमुख किसान गुरुङले कर्मचारीको सुरक्षालाई ख्याल गर्दै उद्योग सञ्चालन भएको पाइएको बताउनुभएको थियो । पृथ्वीराजमार्गसँगै जोडिएको उद्योगले विगत ६ वर्षदेखि चुरोट उत्पादन गर्दै आइरहेको छ । १४५ रोपनी क्षेत्रफलमा फैलिएको तनहुँ प्लान्टबाट वार्षिक ६ अर्ब खिल्ली चुरोट उत्पादन गर्ने लक्ष्य कम्पनीको छ ।

## मध्यपहाडी लोकमार्गको काम धमाधम



**पर्वत / मस**–विश्वव्यापी फैलिएको कोरोना भाइरस सङ्क्रमणको जोखिमलाई मध्यनजर गर्दै स्थगन भएको मध्यपहाडी लोकमार्गको काम सञ्चालन भएको छ । सरकारले बाहिरबाट श्रमिक नल्याइ जिल्लाभित्रै रहेर काम गरिरहेकामार्फत सडकको काम सम्भव भएसम्म सञ्चालन गराउने भनेपछि सोही आधारमा लकडाउनको समयमा सडकको काम चलिरहेको मध्यपहाडी लोकमार्ग आयोजना कार्यालयका प्रमुख आशिष थापामगरले बताए । अहिलेको अवस्थामा पहिलेको रफ्तारमा काम नहुने भए पनि उपलब्ध स्रोत र मजदुरलाई नै प्रयोग गरेर काम सञ्चालन भइरहेको हो ।

ठेकेदार कम्पनी लामा कन्स्ट्रक्शनले लकडाउनका कारण घर फर्किन नसकेकालाई नै काममा लगाएको छ । लोकमार्गअन्तर्गत पर्वतको खरेहामा कल्भर्ट निर्माण, पातीचौरमा चक्लाबन्दी तथा बेतेनी र चुवामा भिर कटानको काम भइरहेको छ ।

आयोजना कार्यालयका अनुसार लोकमार्गअन्तर्गत पर्वतमा २४ किलोमिटरको सडकको काम हुन्छ । अधिकांश ठाउँमा सबै काम सकेर कालोपत्रको तयारी अवस्थामा राखिएको छ । लकडाउनका कारण झण्डै डेढ महिनासम्म काम हुन नपाउँदा सडक निर्माणको रफ्तार निकै घटेको भए पनि हालसम्म झण्डै ६५ प्रतिशत काम पूरा भएको छ । आयोजना प्रमुख थापामगरले पर्वतमा गर्नुपर्ने २४ किलोमिटरको काममध्ये चार किमीमा कालोपत्रको काम सकिएकाले अब बाँकी रहेको २० किमी सक्न झन्डै तीन महिना लाग्न सक्ने बताए । निर्माणको जिम्मा लिएको लामा कन्स्ट्रक्शनले ७५ कामदारलाई सामाजिक दूरी कायम गराएर काममा लगाएको छ ।

यसैबीच लकडाउनका कारण बाहिरबाट निर्माण सामग्री ल्याउन नपाउँदा काम सञ्चालन भएको भए पनि समस्या भने भइरहेको छ । स्थानीयस्तरबाट उपलब्ध हुनसक्ने सामग्रीको अभाव नभए पनि आयात गर्नुपर्ने सामग्रीका कारण सडकको काम लम्बिएको छ । बाहिरबाट सामान ल्याउन परिस्थिति सहज नभएको, ठाउँ-ठाउँमा पास बनाउन झन्झट रहेको लगायतका कारण बाहिरबाट सामग्री ल्याउन नसकिएको हो ।

# आईएमएस ग्रुपका कर्मचारीलाई बीमा सुविधा

**काठमाडौं / मस**–आइएमएस ग्रुप अफ कम्पनीले आफ्ना सबै कर्मचारीहरूलाई विश्वव्यापी कोभिड-१९ बिरूद्ध बिमा सुविधा प्रदान गरेको छ । कम्पनीले प्रति कर्मचारीलाई एक लाख रुपैयाँको स्वास्थ्य बिमा प्रदान गरेको छ। यस विश्वव्यापी कोरोना माहामारीको क्रममा, आइएसएस ग्रुपद्वारा आफ्नो सम्पूर्ण कार्मचारीहरुलाई स्वास्थ्य बिमा गराइएको छ ।

यदि कुनै कर्मचारीलाई कोरोना भाइरस लागेको देखिएमा यस बिमाले कार्मचारीलाई आर्थिक सहयोग पुर्याउने छ । आइएमएस ग्रुपक अध्यक्ष दिकेश मल्होत्राले भने, 'आइएमएस ग्रुपमा हामीले हाम्रो कम्पनीका प्रत्येक कर्मचारीलाई परिवारको सदस्यका रूपमा लिन्छौं र विशेष गरी यो कठिन समयमा हाम्रा सबै कर्मचारीहरूको हेरचाह गर्नु हाम्रो सबै भन्दा ठूलो उत्तर दायित्व हो ।

त्यसकारण हामीले यस्तो महत्वपूर्ण समयमा उनीहरूको आर्थिक भार घटाउन र उचित उपचारका लागि सहयोग पुऱ्याउन कोरोना भाइरसविरुद्ध स्वास्थ्य बिमा सुविधा उपलब्ध गराउने निर्णय गरेका छौं ।'

गलत सूचनाको सम्प्रेषण अपराध हो, त्यसैले सूचनाको तोडमोड नगरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुविधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः मदनकुमार श्रेष्ठ